# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल


प.सं. : ०८१/०८२
च.नं. २१६

मिति २०८१।०४।२२

- श्री केरवानी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री मायादेवी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री देवदह खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री दाउन्ने खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री शिवालयटोल खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री आँधीखोला खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री देवदह-११ खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री भलुही खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री सरनटाँडी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री केउली खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री चरङ्गे खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री पारी चरङ्गे खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री लडियाबास चरङ्गे खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री नेवारखर्क मुढाबाँस खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,
- श्री दलदले खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,

विषय : फोहोर वर्गिकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा खानेपानी तथा सरसफाई ऐन, २०७९ अनुसार खानेपानी सेवाका अतिरिक्त सरसफाई पनि मुख्य जिम्मेवारी भित्र रहेको अवगत नै छ । फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले फोहोरको स्रोतमा नै वर्गिकरण गर्ने गरी व्यवस्था गरेको छ । यसका साथै हरेक संगठित संस्थाले समुदायप्रति चासो राखेर कार्यसम्पादन गर्नुपर्ने र सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) बहन गर्नुपर्ने संगठित संस्थाको अभ्यास र नीतिगत व्यवस्था नै रहेको छ ।

यसै सन्दर्भमा, यस नगरपालिकाद्वारा श्री बुद्ध सामुदायिक वन उपभोक्ता समूहले संरक्षण गर्दै आएको बन क्षेत्रमा आपसी समझदारीमा विगतदेखि नगरपालिकाले फोहोर विसर्जन गर्दै आएकोमा उक्त बन समूहले

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८१/०८२
च.नं. :

फोहोर फाल्न नदिने अल्टिमेटम दिएको हुँदा तहाँ संस्थामा आवद्ध रहेका उपभोक्ताहरुको घरबाट निष्काशन भएको फोहोरको उचित व्यवस्थापन गर्न नसकिएको र उपभोक्ताले यत्रतत्र फोहोर फाल्दा सरसफाईमा नकारात्मक असर पर्न गएको छ । नगरपालिका भित्रको फोहोरको व्यवस्थापन गरी पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणा गर्ने र दिगोपना कायम गर्ने दायित्व पनि हामी सबैको रहेको विषय समेत स्मरण गराउँछु ।

उल्लिखित परिप्रेक्ष्यमा तहाँ संस्थामा आवद्ध रहेका उपभोक्ताहरुको घरबाट निस्कने फोहोर मध्ये कुहिने, नकुहिने र सिसाजन्य गरी अलग अलग गरी वर्गिकरण गरी कुहिने फोहोरबाट मल बनाउने, नकुहिने फोहोर विक्री गर्ने र शेष फोहोर मात्र नगरपालिकाको फोहोर ढुवानी गर्ने साधनमा पठाउने गरी प्रवन्ध मिलाइदिनु हुन अनुरोध छ ।

तहाँ संस्थाले सफा नगरपालिका घोषणा अभियानलाई उच्च महत्व दिई सहयोग पुर्याउनु हुनेछ भने अपेक्षा सहित धन्यवाद ज्ञापन गर्दछु ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ :**

- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, योगिकुटी रुपन्देही
- श्रीमान् नगर प्रमुखज्यू,
- श्रीमान् नगर उपप्रमुखज्यू,
- श्री वडा कार्यालय (सबै) देवदह नगरपालिका
- श्री वातावरण तथा विपत् व्यवस्थापन शाखा देवदह न.पा
- श्री महिला, बालबालिका तथा समाजकल्याण शाखा देवदह न.पा


Web: www.devdahamun.gov.np, Email: info@devdahamun.gov.np cao@devdahamun.gov.np ☎०७१-५७७४०३